हतुवागढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ६ मितिः २०७८।०४।२४

## भाग-१

# हतुवागढी गाउँपालिका

## आर्थिक ऐन, २०७८

***हतुवागढी गाउँपालिकामा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन***

**प्रस्तावनाः** हतुवागढी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राजश्व संकलन र राजश्व प्रशासन सम्बन्धि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम हतुवागढी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८ " रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि हतुवागढी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **<u>सम्पती कर:</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पती कर/सम्पती कर/घरजग्गा कर लगाइने र असूलउपर गरिनेछ।

३. **<u>भूमि कर (मालपोत)</u>:** (१) गाउँपालिका क्षेत्रभित्रको जग्गामा यस्तो जग्गाको उपभोगको आधारमा अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूलउपर गरिनेछ। (एकीकृत सम्पती कर लगाएको अवस्थामा भूमि कर लगाइने छैन)

४. **<u>घर जग्गाबहाल कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छपपर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएमा त्यस्तो बहाल रकममा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूलउपर गरिनेछ।

५. **<u>व्यवसाय कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र ब्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ।

६. **<u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूलउपर गरिनेछ।

७. **<u>सवारी साधन कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धीत प्रदेशले असूल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाड गर्नुपर्ने छ।

८. **<u>विज्ञापन कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश नं. १ ले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा बाँडफाँड गर्नुपर्ने छ।

९. **<u>मनोरञ्जन कर:</u>** (१) गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुलउपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त

व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश नं. १ ले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

**१०.** **<u>बहाल बिटौरी शुल्कः</u>** (१) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११.** **<u>पार्किङ शुल्कः</u>** (१) गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२.** **<u>ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्प, जिपफ्लायर र न्याफ्टिङ्ग सेवा शुल्कः</u>** (१) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्प, जिपफ्लायर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३.** **<u>सेवा, शुल्क, दस्तुरः</u>** (१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४.** **<u>पर्यटन प्रवेश शुल्कः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेको उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे बापत पर्यटकहरुबाट अनुसूची-१३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असूल उपर गरिनेछ।

**१५.** **<u>कर छुटः</u>** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

**१६.** **<u>नियम बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइने नियम बमोजिम आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सकिनेछ।

**१७.** **<u>खारेजी र बचाउः</u>** (१) यो ऐन प्रारम्भ हुन अघि कार्यान्वयनमा रहेको हतुवागढी गाउँपालिकाको आर्थिक ऐन २०७७, यो ऐन प्रारम्भ भएपछि स्वतः खारेज हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कार्यान्वयनमा रहेको हतुवागढी गाउँपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १
## ऐनको दफा २ सँग सम्बन्धीत
## सम्पती कर

| **सि.नं.** | **विवरण** | **विस्तृत विवरण** | **कार्यपालिकाबाट स्विकृत दर** | **कैफियत** |
|---|---|---|---|---|
| | **एकिकृत सम्पती कर** | | | |
| १६२ | एकिकृत सम्पती कर मुल्याकंन रकम रु. | रु १ देखि १० लाख सम्म | | तोकिएको मिति देखि लागू हुनेगरी संभाव्यता अध्ययन गर्ने तथा घर जग्गा मुल्याकंन समिति गठन गरी मुल्याकंनका आधारहरु तय गरी लागू गर्ने । एकीकृत सम्पती कर सम्बन्धी कार्यविधि बमोजिम करका दर निर्धारण गर्ने । |
| | | रु. १० लाख १ देखि २० लाख सम्म | | |
| | | रु. २०लाख १ देखि ३० लाख सम्म | | |
| | | रु. ३० लाख १ देखि ४० लाख सम्म | | |
| | | रु. ४० लाख १ देखि ५० लाख सम्म | | |
| | | रु. ५० लाख १ देखि ७५ लाख सम्म | | |
| | | रु.७५ लाख १ देखि १ करोड सम्म | | |
| | | रु. १ करोड १ देखि १ करोड पचास लाख सम्म | | |
| | | रु. १ करोड ५० लाख १ देखि २ करोड सम्म | | |
| | | रु. २ करोड १ देखि माथि | | |
| नोटः एकिकृत सम्पती कर प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्त भित्र बुझाइसक्नुपर्नेछ, आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा १० प्रतिशत छुट हुनेछ भने आर्थिक वर्षको आषाढ मसान्त भित्र बुझाएमा १० प्रतिशत थप शुल्क लाग्नेछ र आर्थिक वर्षको आषाढ मसान्तभित्र नबुझाएमा ३० प्रतिशत थप शुल्क लाग्नेछ । एकिकृत सम्पती कर लागू भएपछि मालपोत र धुरी कर उठाइने छैन । | | | | |

अनुसूची २

ऐनको दफा ३ सँग सम्बन्धीत

भूमिकर

| सि. नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | मालपोत/ भुमि कर | **पाखा बारी** | | |
| | | अब्बल (प्रतिरोपनी रु ) | १५।०० | |
| | | दोयम (प्रतिरोपनी रु ) | १४।०० | |
| | | सिम ( प्रतिरोपनी रु ) | १३।०० | |
| | | चाहार (प्रतिरोपनी रु ) | १२।०० | |
| | | पाँचौ (प्रतिरोपनी रु.) | १०।०० | |
| | | **खेत** | | |
| | | अब्बल (प्रतिरोपनी रु ) | २५।०० | |
| | | दोयम (प्रतिरोपनी रु ) | २२।०० | |
| | | सिम (प्रतिरोपनी रु ) | २०।०० | |
| | | चाहार (प्रतिरोपनी रु ) | १८।०० | |

# अनुसूची ३

## ऐनको दफा ४ सँग सम्बन्धीत

## घर जग्गा बहाल कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | धुरी कर | पक्की | २००।०० | |
| | | च्यादर/टायल | १००।०० | |
| | | फुस | ५०।०० | |
| २ | घर बहाल कर | कोठा वा घरभाडाको | कुल सम्झौता रकमको १० प्रतिशत | |

## अनुसूची ४
## ऐनको दफा ५ सँग सम्बन्धीत

### वार्षिक व्यवसाय कर

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३,०००।०० | |
| | | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १,५००।०० | |
| | | थोक | १,०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| ४ | सुनचाँदी पसल | थोक | १,५००।०० | |
| | | खुद्रा पसल र मर्मत | १,०००।०० | |
| ५ | औषधी पसल | थोक | ३,०००।०० | |
| | | खुद्रा डाक्टर भएको | २,०००।०० | |
| | | खुद्रा डाक्टर नभएको | १,५००।०० | |
| ६ | माछामासु बिक्री पसल | | १,०००।०० | |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५००।०० | |
| ८ | एग्रोभेट पसल | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २,०००।०० | |
| | | साधारण प्रेस | १,०००।०० | |
| ११ | कस्मेटिक पसल | | १,५००।०० | |
| १२ | मोटर पार्ट्स | थोक | २,०००।०० | |
| | | खुद्रा | १,५००।०० | |
| १३ | प्लाइ तथा ग्लास | थोक | २,५००।०० | |
| | | खुद्रा | १,५००।०० | |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १५ | धागो टाक पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | ७००।०० | |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३,०००।०० | |
| | | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५,०००।०० | |
| | | खुद्रा | ३,०००।०० | |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५,०००।०० | |

पेट्रोलियम पदार्थ

| | | | | |
|---|---|---|---|---|
| | | पेट्रोल बिक्री केन्द्र | ३,०००।०० | |
| | | ग्यास सिलिन्डर सब डिलर | ३,०००।०० | |
| | | मट्टितेल मात्र बिक्री | २,०००।०० | |
| १९ | स्टिल आलमुनियम पसल | थोक | २,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| २० | फर्निचर | थोक | १,५००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | | |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १,०००।०० | |
| | | हाते मेसिन | २००।०० | |
| २३ | स्नुकर तथा पुल हाउस | | २,०००।०० | |
| २४ | क्यारेम बोर्ड | | ५००।०० | |
| २५ | पशु आहार बिक्री केन्द्र | | १,०००।०० | |
| २६ | किराना पसल | थोक | १,५००।०० | |
| | | खुद्रा | ५००।०० | |
| २७ | फलफूल/तरकारी पसल | थोक | ८००।०० | |
| | | खुद्रा | ४००।०० | |
| २८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १,०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| २९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १,०००।०० | |
| | | खुद्रा | १,०००।०० | |
| ३० | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० | |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २,०००।०० | |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २,०००।०० | |
| | | कानुन व्यावसायी ल फर्म | २,०००।०० | |
| | | लेखापरीक्षण व्यावसायी | २,०००।०० | |
| | | दन्तचिकित्सक | २,०००।०० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २,०००।०० | |
| | | पशु चिकित्सक डाक्टर | २,०००।०० | |
| | | रोजगार सेवा | ३,०००।०० | |
| ३२ | ढुवानी तथा ट्रान्सपोर्ट | | २,०००।०० | |
| ३३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १,०००।०० | |
| ३४ | खोटो व्यवसायी | प्रति के.जि. रु ५ | ५।०० | |
| ३५ | जग्गा व्यवसायी | | ५,०००।०० | |
| ३६ | निर्माण व्यवसायी | | ५,०००।०० | |
| ३७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०।०० | |
| ३८ | ग्रील उद्योग | | ३,०००।०० | |
| ३९ | जुत्ता उद्योग | | १,५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४० | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १,०००।०० | |
| ४१ | कपडा तथा गार्मेन्ट उद्यँोग | | ५,०००।०० | |
| ४२ | सिरक डसना उद्योग पसल | | १,५००।०० | |
| ४३ | कुटानी पेलानी/ मिल | | १,५००।०० | |
| ४४ | मसला मिल | | १,०००।०० | |
| ४५ | डेरी उद्योग/ व्यवसाय | | ५००।०० | |
| ४६ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १,०००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १,०००।०० | |
| | | पापड चिप्स फिगर | १,५००।०० | |
| ४७ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५,०००।०० | |
| | | काठ बिक्री डिपो | २,०००।०० | |
| ४८ | क्रसर–कन्क्रीट–इटा भट्टा उद्योग | | ५,०००।०० | |
| ४९ | ढाकाटोपी पस्मिना उद्योग | | ५००।०० | |
| ५० | सुर्तिजन्य उद्योग | | ५,०००।०० | |
| ५१ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २,०००।०० | |
| | | भोजनालय | १,०००।०० | |
| | | मिठाई पसल | ५००।०० | |
| | | पार्टी प्यालेस | २,५००।०० | |
| | | रेष्टुरेन्ट-बार | २,०००।०० | |
| | | चिया र खाजा पसल | ५००।०० | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २,०००।०० | |
| ५२ | टेन्ट हाउस | | २,०००।०० | |
| ५३ | सञ्चार | एफ.एम. प्रसारण | २,०००।०० | |
| | | केवुल च्यानल प्रसारण | २,०००।०० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १,०००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १,०००।०० | |
| | | कुरियर सेवा | १,०००।०० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १,०००।०० | |
| ५४ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | १०,०००।०० | |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ९,०००।०० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ७,०००।०० | |
| | | वित्तीय/ ऋण सहकारी संस्था दर्ता | ३,०००।०० | |
| | | मनी ट्रान्सफर | १,५००।०० | |
| | | विमा कम्पनी | २,०००।०० | |
| | | सामुदायिक वन दर्ता नवीकरण | १,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | सहकारी संस्था नवीकरण | २,०००।०० | |
| | | लघु वित्त | ५,०००।०० | |
| ५५ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २,५००।०० | |
| | | क्लिनिक तथा ल्याब | १,५००।०० | |
| | | चस्मा पसल | १,५००।०० | |
| ५६ | शिक्षा सेवा निजी/सामुदायिक विद्यालय | क्याम्पस | २,०००।०० | |
| | | मावि | १,०००।०० | |
| | | आधारभूत | १,०००।०० | |
| | | प्राथिमिक | १,०००।०० | |
| | | छात्रावास | १,०००।०० | |
| | | मन्टेश्वरी | १,०००।०० | |
| | | पूर्व प्राथमिक | ८००।०० | |
| | | ट्युशन सेन्टर | १,५००।०० | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १,०००।०० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १,०००।०० | |
| ५७ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १,०००।०० | |
| | | इन्जिन मर्मत | १,५००।०० | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १,५००।०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १,०००।०० | |
| | | मोटरसाइकल मर्मत | १,५००।०० | |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २,०००।०० | |
| | | अन्य विविध मर्मत | १,०००।०० | |
| ५८ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १,०००।०० | |
| ५९ | फूल विरुवा पसल | | ५००।०० | |
| ६० | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २,०००।०० | |
| | | अन्तराष्ट्रिय | ५,०००।०० | |
| ६१ | जडिबुटी/मौसमी तथा बेमौसमी फलफूल | व्यवसायमुलक | ५,०००।०० | |
| | | मध्यम | २,०००।०० | |
| | | निम्न | १,०००।०० | |
| ६२ | कवाडी पसल | | १,०००।०० | |
| ६३ | आइसक्रिम पसल | | १००।०० | |
| ६४ | मूर्ति पसल | | २००।०० | |
| ६५ | पान पसल | | २००।०० | |
| ६६ | दुग्ध व्यवसाय | | ५००।०० | |
| ६७ | माछा पालन व्यवसाय | | ५००।०० | |
| ६८ | बाख्रा तथा पशू व्यवसाय | | ५००।०० | |
| ६९ | काठ चिरान उद्योग | | २,०००।०० | |
| ७० | वैदेशिक रोजगार व्यवसाय | | २,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | सिपमुलक स्वरोजगार सेवा | | १,०००।०० | |
| ७२ | घरेलु उद्योग/मदिरा/अचार | | २,०००।०० | |
| ७३ | सुठो तथा अदुवा उद्योग | | ५००।०० | |
| ७४ | माइक्रो हाइड्रो | १० किलोवाटसम्म | २,०००।०० | |
| | | १० किलोवाटभन्दामाथि | ५,०००।०० | |

# अनुसूची ५
## ऐनको दफा ६ सँग सम्बन्धीत
## जडिबुटी कबाडी जिवन्तु कर

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | जडीबुटी जिवजन्तुकर निकासी कर | | | कार्यपालिकाले निर्णय गरी कर निर्धारण गर्ने |
| २ | खयर निकासी शुल्क | प्रति कि.वि. | ३०।०० | |

## अनुसूची ६
## ऐनको दफा ७ सँग सम्बन्धीत
सवारी साधन कर

| सि. नं. | विवरण (सवारी दर्ता तथा वार्षिक) | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | बस ट्रक लरी र हेभी गाडी | ३,०००।०० | |
| | | भाडाका कार जिप | २,०००।०० | |
| | | निजी कार, जीप, मयुरी | १,०००।०० | |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००।०० | |
| | | ठेलागाडा तथा रिक्सामा | ५००।०० | |
| २ | पटके सवारी कर | बस ट्रक ट्रयाक्टर तथा अन्य हेभी सवारी साधन | २५।०० | |
| | | साना कार जिप मोटरसाइकल | १५।०० | |
| | द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन । | | | |
| ३ | हेभी गाडी तथा डोजर (दर्ता/वार्षिक/नवीकरण) | जेसिवि चक्कावाला | १०,०००।०० | |
| | | स्काभेटर/ जेसिवि चेन भएको | २५,०००।०० | |

# अनुसूची ७

## ऐनको दफा ८ सँग सम्बन्धीत

**विज्ञापन कर**

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर प्रति वर्गफिट | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा होडिङ्गबोर्ड राखे वापत वार्षिक | १,०००।०० | |

## अनुसूची ८
## ऐनको दफा ९ सँग सम्बन्धीत

**मनोरञ्जन कर**

| **सि.नं.** | **विवरण** | **विस्तृत विवरण** | **कार्यपालिकाबाट स्विकृत दर** | कैफियत |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | ०.०२ | |
| | | जादु सर्कस चटक आदिमा प्रतिदिन | ३००।०० | |

## अनुसूची ९
## ऐनको दफा १० सँग सम्बन्धीत
**बाहाल बिटौरी शुल्क**

| सि.नं. | विवरण | विस्तृत विवरण | स्विकृत दर ( प्रति वर्ग फिट) | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० | |
| | | घर बनेको | १००।०० | |
| | | घुम्ती मासिक | ५०।०० | |
| | | ठेला मासिक | ५०।०० | |
| २ | हाटबजार शुल्क | रागाँको मासु पसल (प्रति रांगो) | १००।०० | |
| | | सुंगुरको मासु पसल (प्रति सुंगुर) | ५०।०० | |
| | | कुखुरा प्रतिगोटा | ५।०० | |
| | | जडिबुटी पसल | ३०।०० | |
| | | जिउँदा रागों प्रतिगोटा | १००।०० | |
| | | खसि बोका प्रतिगोटा | २०।०० | |
| | | जिउँदो सुंगुर प्रतिगोटा | २०।०० | |
| | | सुंगुरको पाठो प्रतिगोटा | १०।०० | |
| | | खाद्यान्न सामाग्री पसल | १५।०० | |
| | | तरकारी पसल | १०।०० | |
| | | चिउरा पसल | २०।०० | |
| | | डोका नाङ्लो पसल | २०।०० | |
| | | खुद्रा किराना पसल | २५।०० | |
| | | फलफुल पसल | १०।०० | |
| | | कच्चा सूर्ति पसल | २५।०० | |
| | | इलेक्ट्रोनिक्स सामानको पसल | ३०।०० | |
| | | शनिवारे होटेल | ५०।०० | |
| | | पाउरोटी पसल | २०।०० | |
| | | माटाका भाडापसल | १०।०० | |
| | | तयारी कपडा जुत्ता पसल | ५०।०० | |
| | | हरेक माल खुद्रा घुमन्ते पसल | ५०।०० | |
| | | खसी बोकाको मासु पसल | १००।०० | |
| | | माछा (आलो) पसल | ५०।०० | |
| | | सुकुटी मााछा पसल | २५।०० | |
| | | राडी गलैंचा पसल | ५०।०० | |
| | | घुमन्ते जादु प्रदर्शनी | १००।०० | |
| | | कस्मेटीक सिंगार सामान पसल | ५०।०० | |
| | | स्थानीय उत्पादित फलामे औजार पसल | १०।०० | |
| | | अण्डा पसल | ५।०० | |
| | | छालाको सामान पसल | २०।०० | |
| | | चटपटे पसल | ५०।०० | |
| | | झूल तन्ना आदि सामाग्रीको घुमन्ते पसल | ५०।०० | |
| | | धातुका भाडा पसल | ८०।०० | |
| ३ | स्रोत परिचालन | हलभाडा प्रतिदिन | २००।०० | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५।०० | |

# अनुसूची १०

## ऐनको दफा ११ सँग सम्बन्धीत

**पार्किङ शुल्क**

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप प्रतिदिन | २०।०० | |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिदिन | १०।०० | |
| नोटः पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | | |

## अनुसूची १२

## ऐनको दफा १३ सँग सम्बन्धीत

**शुल्क तथा दस्तुर**

| सि.नं. | विवरण | विस्तृत विवरण | कार्यपालिकाबाट स्विकृत दर रू. | कैफियत |
|---|---|---|---|---|
| **सिफारीस शूल्क** | | | | |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | २००।०० | |
| | | ६ देखि १० रोपनीसम्म | २५०।०० | |
| | | ११ देखि २० रोपनीसम्म | ३००।०० | |
| | | २१ देखि ५० रोपनीसम्म | ३५०।०० | |
| | | ५१ रोपनीभन्दा माथि | ६००।०० | |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | २००।०० | |
| | | १ रोपनी भन्दा माथिको | ३००।०० | |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ४।०० | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | ३।०० | |
| ४ | सरजमिन सिफारीस दस्तुर | | ५००।०० | |
| ५ | छात्रवृति सिफारीस | | २५०।०० | |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | |
| ८ | अस्थाइ बसोबास सिफारीस | | ५००।०० | |
| ९ | स्थायी बसोबास सिफारीस | | २००।०० | |
| १० | नागरिकता सिफारीस | वंशज | २००।०० | |
| | | अंगिकृत | ५००।०० | |
| ११ | विद्युत जडान सिफारीस | | २००।०० | |
| १२ | धारा जडान सिफारीस | | २००।०० | |
| १३ | जीवित रहेको सिफारीस | | ५००।०० | |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | ५००।०० | |
| १५ | व्यवसाय बन्द सिफारीस | | २००।०० | |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २००।०० | |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | २००।०० | |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | १,०००।०० | प्रति पक्ष रु ५०० |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | २००।०० | |
| २० | चौपाया सम्बन्धी सिफारीस प्रतिगोटा | | ५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| २१ | व्यवसाय दर्ता सिफारीस | | २,०००।०० | |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | १,०००।०० | |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | १,०००।०० | |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस जिल्ला भित्र | | ५००।०० | |
| २५ | आन्तरिक बसाइसराइ सिफारीस जिल्ला बाहिर | | १,५००।०० | |
| २६ | बसाइसराइ सिफारीस अन्तराष्ट्रिय | | ५,०००।०० | |
| २७ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १,५००।०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | २००।०० | |
| २९ | जग्गा दर्ता सिफारीस | | ५००।०० | |
| ३० | संरक्षक सिफारीस व्यक्तिगत | | २००।०० | |
| ३१ | संरक्षक सिफारीस संस्थागत | | २००।०० | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | ५००।०० | |
| ३३ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | २००।०० | |
| ३४ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | ( | निशुल्क |
| | | सशुल्क उपचारको लागि | २००।०० | |
| ३५ | गाउँपालिकामा समिति तथा संस्था दर्ता शुल्क | संस्थालाई रु | १,०००।०० | |
| | | क्लबलाई रु | ५००।०० | |
| ३७ | संस्था दर्ता सिफारीस वडाबाट | | २००।०० | |
| ३८ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २००।०० | |
| ३९ | निरोगिताको सिफारीस | | २००।०० | |
| ४० | जीवित सँगको नाता प्रमाणित | | २००।०० | |
| ४१ | मृतकसँगको नाता प्रमाणित | | २००।०० | |
| ४२ | सम्पती तथा आय प्रमाणित | | जम्मा आयको ०.१० प्रतिशत | |
| ४३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | २००।०० | |
| ४४ | जग्गा मुल्याङ्कन सिफारीस/प्रमाणित | मालपोत | २००।०० | |
| | | चलन चल्तीमा प्रतिलाख रु. ५० का दरले लागू हुने | ५०।०० | |
| ४५ | चारकिल्ला प्रमाणित | | २००।०० | |
| ४६ | जन्ममिति प्रमाणित | | २००।०० | |
| ४७ | घर बाटो प्रमाणित | सडकले छोएको | ५००।०० | |
| | | सडकले नछोएको | २००।०० | |
| ४८ | विवाह प्रमाणित | | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | घर पाताल प्रमाणित | | २००।०० | |
| ५० | कागज/ मञ्जुरिनामा प्रमाणित | | २००।०० | |
| ५१ | हकवाला वा हकदार प्रमाणित | | २००।०० | |
| ५२ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १,०००।०० | |
| | | कच्ची | ५००।०० | |
| ५३ | अविवाहित प्रमाणित | | ५००।०० | |
| ५४ | अपुताली सिफारिस | | ५००।०० | |
| ५५ | अन्य सिफारीस वा प्रमाणित | | २००।०० | |
| ५६ | घर नक्सापास दस्तुर | पक्की घर | १,०००।०० | |
| | | कच्ची घर | ५००।०० | |
| ५७ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० | |
| ५८ | सरसफाइ शुल्क | मासिक | १००।०० | |
| | | सरसफाइ कार्डको | ५०।०० | |
| ५९ | घ वर्गको निर्माण व्यवसायी लाइसेन्स ( इजाजतपत्र) शुल्क | इजाजतपत्र दस्तुर | २५,०००।०० | |
| | | नविकरण दस्तुर | १०,०००।०० | |
| | नोटः सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | |
| ६० | बहाल घर खाली गराउँदा प्रतिदिन | | ५००।०० | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | | |
| **दर्ता शुल्क** | | | | |
| ६१ | जन्म दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २००।०० | |
| ६२ | मृत्य दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २००।०० | |
| ६३ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिन भित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २००।०० | |
| ६५ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २००।०० | |
| ६६ | विवाह दर्ता शुल्क | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २००।०० | |
| ६७ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | ५००।०० | |
| ६८ | व्यवसाय नविकरण | | ५००।०० | |
| ६९ | व्यवसाय नविकरण नगरे जरिमाना | नविकरण शुल्कको प्रतिवर्ष २५ प्रतिशत | ५००।०० | |
| ७० | प्रतिलिपि दस्तुर | | २००।०० | |
| ७१ | वन | सामुदायिक वन तथा कबुलीयती वन सिफारीस शुल्क | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | सामुदायिक वन तथा कबुलीयती | १,०००।०० | |
| ७२ | हाटबजार कर | वार्षिक (ठेक्का) | ४०,०००।०० | |
| ७३ | तालिम तथा कन्सल्टेन्सी संस्था दर्ता | | १,०००।०० | |
| ७४ | निवेदन दस्तुर | | १०।०० | |
| ७५ | मिलापत्र प्रतिपक्ष शुल्क | | ५००।०० | |
| ७६ | व्यवसाय निवेदन शुल्क | | १००।०० | |
| ७७ | बन्दुक नविकरण | | १,०००।०० | |
| ७८ | स्थलगत सर्जमिन | | १,०००।०० | |
| ७९ | पेन्सन बापत | नेपाल | १,०००।०० | |
| | | भारत | ३,०००।०० | |
| | | बेलायत, सिंगापुर र अन्य देश | ५,०००।०० | |
| ८० | तारीतराई शुल्क भोजपुर जिल्ला बाहिरबाट हतुवागढी गाउपालिकाको वडा नं. ६ र ९ बाट आउने मालसामान | | ०.२५ | नोटः ठेक्का मार्फत तोकिएको मिति देखि लागु हुने । ठेकेदारले ७५ पैसा राख्ने र २५ पैसा गाउँपालिकालाई बुझाउनुपर्ने छ । |

आज्ञाले
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत